नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक
धुलिखेल

☎ ०११-४९०१२३, ०११-४९०३२०, ०११-४९०२२३
ईमेल- daokavre@gmail.com
daokavre.avilekh@gmai.com
(अभिलेखका लागि)

प.सं.- ०८२/८३
च.नं.-

सूचना प्रकाशित मितिः२०८२/०७/२७ बिहीबार

## जेनजी(Gen-Z) प्रदर्शनका
## घाइते तथा अपाङ्गको वर्गीकरणको लागि नाम दर्ता गराउने ७ दिने
## सूचना !

मिति २०८२/०५/२३ र २४ गतेको जेनजी(Gen-Z) प्रदर्शनका क्रममा घाईते तथा अपाङ्ग भएका व्यक्तिहरुको वर्गिकरण गर्नका लागि **जेनजी(Gen-Z) प्रदर्शनका घाइतेहरुको वर्गिकरण सम्बन्धी कार्यविधी, २०८२** अनुसार गठन भएको जिल्ला स्तरीय वर्गिकरण सहजीकरण समितिको मिति २०८२/०७/२६ गतेको निर्णय वमोजिम देहायका व्यक्तिहरुले तपसिलका विवरण जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोक (dhokavre@gmail.com) तथा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक (daokavre@gmail.com) को ईमेल ठेगानामा पठाउनु हुन वा सो मध्ये कुनै कार्यालयमा स्वयं उपस्थिति भई मिति २०८२/०८/०३ गते बुधवार भित्र नाम दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

क. यस जिल्लाभित्र जेन-जी आन्दोलनमा घाइते भई उपचाररत वा उपचार गराइसक्नु भएका महानुभावहरु मध्ये यस जिल्लामा वर्गीकरण गराउन पायक पर्ने घाइते तथा अपाङ्ग व्यक्तिहरु ।

ख. अन्य जिल्लाबाट जेन-जी घाइते परिचयपत्र प्राप्त गर्नु भएका तर यस जिल्लाबाट वर्गीकरण गर्न पायक पर्ने घाइते तथा अपाङ्ग व्यक्तिहरु ।

तपसिल (घाईते तथा अपाङ्गले भर्नुपर्ने विवरण र पेश गर्नुपर्ने कागजातहरु)

१. नाम
२. ठेगाना
३. सम्पर्क नं
४. उपचार गराएको अस्पताल
५. उपचारमा संलग्न कागजातहरु
६. जेन-जी घाइते परिचयपत्र (लिएको हकमा)

८२/७/२८

सहायक प्रमुख जिल्ला अधिकारी